नेपाल सरकार

गृह मन्त्रालय

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

SitRep #१०३

१६ असोज २०७७

| २०७७ बैशाख १ देखि असोज १५ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २९५ | ६४ | २२३ | ४२ | ३७ | ११ | ६५ | ० | २०८ | **४०२** | **१०१** | **४४२** |

| २०७७ जेठ ३० मनसुन सुरु भएदेखि असोज १५ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २९३ | ६४ | २२२ | ३९ | ३६ | ९ | ३५ | ० | ८९ | **३६७** | **१००** | **३२०** |

| २०७७ असोज १५ देखि १६ गते बिहान १० बजेसम्म मृत्यु भएकाहरुको विस्तृत विवरण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| ० | ० | **०** | ० | ० | **०** | ० | ० | **०** | **०** | **०** | **०** |

# दैनिक विपद् बुलेटिन

१५ असोज विहान१०:००बजेदेखि १६ असोज बिहान१०:००बजेसम्म

**नेपाल**मा विभिन्न जिल्लामा गरी आज **५** स्थानमा **आगलागी**का घटना घटेका छन् । यी घटनाबाट **११ लाख २२ हजार रुपैंया** बराबरको धनमाल क्षति भएको छ ।

| मृत्यु संख्या | हराएको | घटना संख्या | घाइते | अनुमानित क्षति | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| ० | ० | ५ | ० | ११,२२,००० | ० | ० |

## घट्ना सारांश

- **मुलुकभर** गएको २४ घण्टामा विपद्का ५ वटा घट्ना भएका छन् ।
- **चितवन**को भरतपुर महानगरपालिका वडा नं ६ गितानगर बजारस्थित एक सिरक, डसना बनाउने ब्यवसाय सञ्चालन हुँदै आएको टहरोमा अचानक बिजुली सर्ट भई **आगलागी** हुँदा कपास बनाउने मेशिन लगायत बिभिन्न सरसामान जली **६ लाख ८० हजार रुपैंया** बराबरको क्षति ।
- **बर्दिया**को राजापुर नगरपालिका वडा नं ९ बानियाभारस्थित एक घरमा अचानक **आगलागी** हुँदा **२२ हजार रुपैंया** बराबरको क्षति ।
- **जाजरकोट**को छेडागाड नगरपालिका वडा नं ६ सुवानाउलीस्थित श्री जनबिकास माध्यमिक विद्यालयको कार्यालय कक्षमा **आगलागी** हुँदा कार्यालय कक्षमा रहेको सम्पूर्ण कागजात, फर्निचरका सामानहरु जली नष्ट ।
- **कैलाली**को गोदावरी नगरपालिका वडा नं ५ गेटा आँखा अस्पताल नजिक बिद्युत लाईन सर्ट भई **आगलागी** हुँदा ४ जनाका किराना पसल जलेर **३ लाख ५० हजार रुपैंया** बराबरको क्षति ।

## घट्ना सारांश...

- **सर्लाही**को लालबन्दी नगरपालिका वडा नं १७ रानीगंजस्थित एक घरमा अचानक **आगलागी** भई घर आंशिक क्षति हुँदा **७० हजार रुपैंया** बराबरको क्षति ।

## प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट स्थानीयको सहयोगमा आगलागी पूर्ण नियन्त्रणमा लिइएको ।

## बाढी पूर्वानुमान

**असोज-१६ (शुक्रबार) (विहान ७ बजे देखि २४ घण्टा)**


- **आज कोशी, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव सामान्य घटबढ हुने तथा सतर्कता तलै हुने  पूर्वानुमान छ। आज कोशी र यसका केही स-साना सहायक नदीमा बहाब केही बढ्ने तर सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ ।**
- **आज कन्काई, कमला, बागमती, पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा बहाब सामान्य घटबढ हुने तथा सबैमा बहाव सतर्कता तह भन्दा तलै हुने पूर्वानुमान छ ।**
- **आज ईलाम, झापा, पाँचथर, ताप्लेजुङ, संखुवासभा, सोलुखुम्बु, ओखलढुंगा, भोजपुर, खोटाङ, उदयपुर, सिरहा, दोलखा, सिन्धुली, मकवानपुर, कास्की, म्याग्दी, बागलुङ, रुकुम, रोल्पा र आसपासका जिल्ला भई बहबे स-साना सहायक नदीमा बहाब केही बढ्ने तथा सतर्कता तलै हुने पूर्वानुमान छ ।**

**थप जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको वेभसाइटः http://hydrology.gov.np/**

## वर्षाको सारांश

असोज १५ गते बिहान ०८:४५ बजे देखि असोज 1६गते ०८:४५ बजे सम्म

आज मिति२०७७/०६/1६ गते बिहान ०८:४५ बजे १९४ वटा वर्षा मापन केन्द्रहरु (मानब संचालितः ६० र स्वचालितः १९४) मा मापन गरिएको वर्षाको विवरण अनुसार ३१ वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १)। उक्त केन्द्रहरु मध्ये सबैभन्दा बढी वर्षा (3६.४मि. मी.) कास्की जिल्लाको लुम्ले केन्द्रमा मापन गरिएको छ । वर्षा मापन भएका केन्द्रहरु मध्ये १ वटा केन्द्रमा 25 मि. मी. भन्दा बढी र ३ वटा केन्द्रमा १० मि. मी. भन्दा बढी वर्षा मापन भएको छ ।




चित्र १: दैनिक वर्षा(छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि www.dhm.gov.np/climate/मा हेर्नुहोस।

## आगामी तीन दिनको मौसम पूर्वानुमान

**असोज १६ गते (शुक्रबार)**

**दिउँसो :** प्रदेश १, प्रदेश २, बागमती प्रदेश र गण्डकी प्रदेशमा सामान्य बदली र बाँकी प्रदेशहरुमा आंशिक बदली रहनेछ । प्रदेश १, प्रदेश २, बागमती प्रदेश र गण्डकी प्रदेशका थोरै स्थानहरूमा हल्का देखि मध्यम बर्षाको सम्भावना रहेको छ ।

**राती :** प्रदेश १, प्रदेश २, बागमती प्ररदेश र गण्डकी प्रदेशमा सामान्य बदली रही बाँकी प्रदेशहरुमा आंशिक बदली रहनेछ। साथै प्रदेश १, प्रदेश २, बागमती प्रदेश र गण्डकी प्रदेशका थोरै स्थानहरूमा हल्का देखि मध्यम बर्षाको सम्भावना रहेको छ ।

**असोज १७ गते (शनिबार)**

**दिउँसो :** प्रदेश १, प्रदेश २, बागमती प्रदेश, गण्डकी प्रदेश र प्रदेश ५ मा सामान्य बदली र बाँकी प्रदेशहरुमा आंशिक बदली रही प्रदेश १, बागमती प्रदेश, गण्डकी प्रदेश, प्रदेश ५ का थोरै स्थानहरूमा हल्का देखि मध्यम वर्षा र बाँकी प्रदेशका एक दुइ स्थानहरूमा हल्का बर्षाको सम्भावना रहेको छ ।

**राती :** प्रदेश १, प्रदेश २,बागमती प्रदेशमा सामान्य बदली रही उक्त प्रदेशका थोरै स्थानहरूमा हल्का देखि मध्यम वर्षा तथा बाँकी प्रदेशहरुमा आंशिक बदली रही गण्डकी प्रदेश, प्रदेश ५ र कर्णाली प्रदेशका एक दुइ स्थानमा हल्का वर्षाको सम्भावना रहेको छ ।

**असोज १८ गते (आईतबार)**

**दिउँसो :** प्रदेश १, प्रदेश २, बागमती प्रदेश र गण्डकी प्रदेशमा सामान्य बदली र बाँकी प्रदेशहरुमा आंशिक बदली रही प्रदेश १, बागमती प्रदेश र गण्डकी प्रदेशका एक -दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको छ ।

**राती :** प्रदेश १, प्रदेश २, बागमती प्रदेश र गण्डकी प्रदेशमा सामान्य बदली र बाँकी प्रदेशहरुमा आंशिक बदली रही प्रदेश १, बागमती प्रदेश र गण्डकी प्रदेशका एक -दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको छ ।

**मौसम पूर्वानुमान सम्बन्धी थप जानकारीका लागि यो लिंकमा हेर्नुहोला।**
http://mfd.gov.np/nwp/#/nwp/Precipitation, http://mfd.gov.np/nwp/#/nwp/Wind